जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ६३ पृष्ठः ४ | २०८२ असार ०९ गते सोमबार (Monday 23 June 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# दलित परिवारलाई घर बनाउन दुई महिनादेखि अवरोध



**मणिलाल विश्वकर्मा**

लहान, ८ असार। सिराहाको नरहा गाउँपालिका१, गौरहा गाउँमा पुरानो घर भत्काएर नयाँ घर बनाउन खोज्दा एक दलित परिवारलाई दुई महिनादेखि अवरोध हुँदै आएको छ।

३३ वर्षीय जीवछ सदाले ३ वैशाखदेखि घर बनाउन प्रयास गरे पनि घर पछाडिको आफ्नो जग्गामा जाने बाटो छेकिएको भन्दै नरहा २, पानबारी गाउँका रामचलितर यादवले रोकेको आरोप लगाए। रामचलितर तिनै व्यक्ति हुन्, जसले गत असोजमा आफ्नो खेतको धान गोडमेल नगरिदिएको भन्दै मुसहर बस्तीका मानिस हिँड्ने बाटोमा काँडेबार लगाएर एक सातासम्म आवतजावत बन्द गराएका थिए।

'बाजेकै पालादेखि बस्दै आएको फुसको छाना भएको घर जीर्ण भएपछि भत्काएर नयाँ बनाउन ऋणकर्जा गरी ६५ हजार रुपैयाँ जुटाएँ,' सदाले भने, 'सिमेन्टको खाँबा, धरन र केही कोरो पनि झुन्ड्याएँ, रामचलितरसहित उनका छोराहरू महेश यादव, श्रवण यादवले त्यही दिनदेखि घर बनाउन रोकिरहेका छन्। मेरो घर रहेको जग्गाको मोहडा नै मुस्किलले १५ हातजति छ, उनको खेतसम्म ट्याक्टर जाने बाटो छोडिदिंदा मैले कहाँ बनाउने घर?'

नयाँ घर बनाउन पुरानो भत्काएका जीवछ दुई महिनादेखि पत्नी सविता, दुई छोरी र दुई छोरासहित छिमेकी महेन्द्र सदाको घरमा शरण लिँदै आएका छन्। गौरहा गाउँ हुँदै उत्तरतर्फ गएको बलकवा जाने कच्ची बाटोछेउमा रहेको मुसहर बस्तीपछाडि जग्गा रहेका रामचलितरले आफ्नो जग्गामा जाने बाटो रोकिएको भने पनि उठिबास गराउन खोजेको आरोप छ।

नरहा १ का वडाध्यक्ष

–बाँकी तीन पेजमा

# सवारी दुर्घटनामा दुईको मृत्यु

सप्तरी, ८ असार। सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका–१ स्थित कोशी बाँधमा दुई मोटरसाइकल एक आपसमा ठोकिँदा दुई जनाको मृत्यु भएको छ भने एक घाइते भएका छन्। जिल्लाको शम्भुनाथ नगरपालिका ११ राजपुरका १९ वर्षीय आशाराम मण्डल र कञ्चनरुप नगरपालिका १ बैरवाका ३४ वर्षीय ओमप्रकाश पंजियारको मृत्यु भएको हो। कंकालनी मन्दिरदेखि भलुवातर्फ जाँदै गरेको स १० प ५६२ नम्बरको मोटरसाइकल र विपरित दिशाबाट आउँदै गरेको बा ५५ प ६६३९ नम्बरको मोटरसाइकल एकआपसमा ठोकिँदा सो दुर्घटना भएको इलाका प्रहरी कार्यालय कन्चनपुरका प्रमुख प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए।

उनका अनुसार दुर्घटना गम्भीर घाइते बा ५५ प ६६३९ नम्बरको मोटरसाइकल चालक मण्डलको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। यस्तै, उनले स १० प ५६२

–बाँकी दुई पेजमा

# विद्यालयमा दुई कोठे भवनको शिलान्यास



सिरहा, ८ असार। सिरहाको लहान नगरपालिका–१३ स्थित दलित बाहुल्यता रहेको जनता आधारभूत विद्यालयमा थप २ कोठे भवनको शिलान्यास भएको छ। नगर प्रमुख महेशप्रसाद चौधरी र वडा अध्यक्ष मनोज कोइरालाले संयुक्त रूपमा शनिबार भवनको शिलान्यास गरेका हुन। २६ लाख ४४ हजार रुपैयाँ लागतमा निर्माण हुने उक्त भवनमा गैर सरकारी संस्था 'एक्सन एड' नेपालको आर्थिक सहयोगमा दलित जनकल्याण युवा क्लब र लहान नगरपालिकाको साझेदारी रहेको छ। यो संरचनाले विद्यार्थीलाई पठनपाठनमा सहजता ल्याउने नगरप्रमुख महेशप्रसाद चौधरीले विश्वास व्यक्त गरे।

२ कोठे उक्त भवनको शिलान्यासपछि नगरप्रमुख महेशप्रसाद चौधरीले भने, "शिक्षाको गुणस्तर वृद्धिका लागि विद्यालयको भौतिक संरचना मजबुत हुनु आवश्यक छ।

–बाँकी तीन पेजमा




## अनलाइन ठगीबाट बचौं र बचाऔं

**अनलाइन ठगहरुले:**

- तपाईंले चिट्ठा जित्नुभयो, • तपाईंको बैंक खाता बन्द हुँदैछ, तुरुन्त इत्ए पठाउनुहोस्,
- यो लिङ्क क्लिक गर्नुस्, ठूलो इनाम पाउनुहुनेछ,
- म विदेशबाट पैसा पठाउँदै छु, तपाईंको खाता पठाउनुहोस् जस्ता अनेकौं प्रलोभन दिन सक्छन्।

**त्यसबाट बच्न:**

- OTP, पासवर्ड वा बैंक विवरण कसैलाई नदिऔं,
- अपरिचित लिङ्क वा एप डाउनलोड नगरौं,
- कुनैपनि प्रकारका प्रस्तावमा नलोभिऔं,
- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिलाई व्यक्तिगत जानकारी नदिऔं,
- ठगी भएको वा हुन लागेको शंका लागेमा तुरुन्तै नजिकको प्रहरीलाई खवर गरौं।

**"सावधानी अपनाऔं, अनलाइन ठगीबाट बचौं"**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**Coming Soon**

**सूचना ! सूचना !! सूचना !!!**

Your gateway to study and work in Japan

**MAA DHAMINI SAGAR INSTITUTE & CONSULTANCY**

Golbazar-06, Siraha (सिद्धार्थ बैंकको छेउमा)
Contact No. 9701032488, 9842826874
+819054858895



**Special Features:**

1. Study Master's in IT (English Medium in Japan)
2. Bachelor's Degree Holders in Any Subject Can Apply
3. +2 (12th Grade) Graduates from Any Stream Eligible
4. No Educational Requirement for Working Visa Application



**Course Start Date : 25 June 25, 2025**
**Apply Now for April 2026 in take**
**Special Offer: No the First 20 student!**
Contact Us: 9842826874, 9817705722
Whatsapp/Line : +81-90-5485-8895

# सम्पादकीय

## उद्धार गर्नुपर्छ भन्ने ठानेर युद्धस्तरमा तयारी गर

अनिच्छा र द्विविधा देखाइरहेको संयुक्त राज्य अमेरिका अन्ततः इजरायल–इरान युद्धमा होमियो। इरानको आणविक केन्द्रमा शनिवार राति अमेरिकाले ६ वटा शक्तिशाली बम प्रहार गरेर युद्धमा प्रत्यक्ष संलग्न भएको छ। अमेरिकी बमबाट इरानको परमाणु केन्द्रमा कति क्षति भयो भन्ने भरपर्दो विवरण स्पष्टरूपमा सार्वजनिक भइसकेको छैन। तर, इजरायल–इरान युद्ध कम्तीमा मध्यपूर्व भर फैलने आशंका भने बढ्दै गएको छ। इजरायल र खाडी क्षेत्र नेपालीको वैदेशिक रोजगारको मुख्य गन्तव्यसमेत भएकाले युद्धप्रति नेपालमा पनि चासो र चिन्ता बढेको छ। वैदेशिक विशेषगरी रोजगारीका लागि त्यस क्षेत्रमा जानेहरूको परिवार बढी नै चिन्तित छन्।

नेपाल सरकारले इरानमा रोकिएका नेपालीको उद्धारका लागि भारतसँग सहयोग मागेको र इजरायलबाट फर्कन चाहनेको विवरण संकलन सुरु गरेको समाचार सार्वजनिक भएको छ। सरकारले देखाएको सक्रियता सराहनीय छ। युद्ध विस्तार भयो र लामो समय चल्यो भने सरकारले अहिले देखाएको जति चासोले मात्र पुग्दैन। विशेषगरी इजरायलबाट फर्कन चाहनेको संख्या निकै धेरै हुनसक्छ भने खाडीका अरू मुलुकबाट पनि नेपाल फर्कन खोज्नेहरू पक्कै बढ्नेछन्।

यसैले बेलैमा तयारी नगरे आगामी दिनमा नेपाललाई आसन्न सङ्कटको सामना गर्न सजिलो हुनेछैन। तर, नेपालको राज्य संयन्त्रमा भने सङ्कटका समयमा पनि निवेदन पर्खेर बस्ने राणाकालीन मानसिकता अझै बलियो छ। रैतीको घरमा आगलागी भएको बिन्ती सुनेपछि कुनै राणा शासकले 'कुवा खन्ने' हुकुम प्रमाङ्गी गरेका थिए रे ! शासकीय संरचनामा जति परिवर्तन भएको भए पनि नेपालको राज्य संयन्त्र विशेषगरी निजामती कर्मचारीको मानसिकता अझै त्यस्तै छ।

आसन्न संकट भने आगो लागेपछि कुवा खन्ने शैलीले सम्बोधन गर्न सकिँदैन। राज्यका स्वदेश र विदेशमा रहेका सबै संयन्त्रमा कार्यरत कर्मचारीलाई पूर्वक्रियाशील बनाउनु जरुरी हुन्छ। यस्तै, राजनीतिक नेतृत्वले पनि बेलैमा सुझबुझ र संवेदनशीलता देखाउनु जरुरी हुन्छ। कामना गरौं, इजरायल–इरानबीच छिटै युद्धविराम होस् र कसैलाई पनि 'उद्धार' गर्न नपरोस्। परन्तु, हामीले खोजेजस्तै हुन्छ भन्ने त छैन। कदाचित् युद्ध चर्कियो र व्यापक संख्यामा उद्धार गर्नुपर्‍यो भने त राज्य तयार अवस्थामा रहनुपर्‍यो नि !

यसैले नेपाल सरकार सबैभन्दा खराब परिस्थितिको सामना गर्नसमेत तयार अवस्थामा रहनुपर्छ। युद्धस्तरमा उद्धार योजना बनाएर विकल्पहरू तयार राखियोस्। विशेषगरी स्थानीय नेपाली समुदायसँग निरन्तर सम्पर्क र संवादमा रहेर संकट आए त्यसको सामना गरियोस्।

### सवारी दुर्घटनामा...

नम्बरको मोटरसाइकल चालक पजियारको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचारको क्रममा मृत्यु भएको बताए। यसैगरी, मोटरसाइकलको पछाडि सवार सप्तरीको कञ्चनरुप१ बैरवाका ३० वर्षीय सुभाष महतो घाइते भएका छन्। महतोको खुट्टा र शरीरको विभिन्न भागमा चोटपटक लागेकाले विराटनगरस्थित न्यूरो अस्पतालमा उपचारपछि घर फर्केको प्रहरी नायब उपरीक्षक काफ्लेले जानकारी दिए। मृतक दुवै जनाको शव परिक्षण गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा गरी परिवारको जिम्मा लगाएको र दुवै मोटरसाइकल इलाका प्रहरी कार्यालय भारदहको नियन्त्रणमा राखी घटना बारे थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक काफ्लेले बताए।

# संसद्वादीहरू मौन तोड !

**विपुल पोखेल**

चालु संसद् अधिवेशनमा भइरहेको बजेटमाथिको छलफललाई सार्वजनिक प्रसारण सेवा (पीएसबी)मा गइसकेका र सरकारको लगानी भएका सञ्चारमाध्यमले प्रमुखरूपमा समाचार बनाइरहेका छन्। तर, अरू सञ्चारमाध्यममा यो समाचार प्राथमिकतामा परेको देखिँदैन। त्यस्तैगरी जनसाधारणको चासो पनि संसद भएको बजेट छलफलमा धेरै संसद् सही ढंगले चल्न थाल्यो कि थालेन भन्नेमा छ। सदनभित्रको छलफलमा कसैको पनि खासै रुचि देखिँदैन।

होहल्लाका बीच सभामुखले बैठक चलाइराखेका छन्। प्रतिनिधि सभाको चौथो ठूलो दल रास्वपाले बैठक अवधिभर नारावाजीसहित प्रदर्शन गरिरहेको छ। सभामुखले जारी राखेको भनिएको छलफलमा भाग लिने सांसदहरूमा कुनै उत्साह देखिँदैन। संसद्का अधिकांश कुर्सी खाली हुन्छन्। यसरी चलिरहेको संसद्को अवस्थालाई कुनै पनि हालतमा सही भन्न सकिँदैन। एकजनामात्र सांसदले उभिएर असहमति राखे त्यसलाई सुनेर आवश्यक सम्बोधन गर्ने, सम्बोधन गर्न सम्बन्धित ठाउँमा निर्देशन दिने अधिकारसहित सभामुखलाई बैठक सञ्चालनको जिम्मेवारी सुम्पिएको हुन्छ। संसार भरका संसदीय अभ्यासहरूले स्थापित गरेका साझा मान्यताको सूचीमा यो पनि पर्छ।

विसं २०४६ सालको परिवर्तनपछिको पहिलो निर्वाचित संसद्का सभामुख दमननाथ ढुंगानाले त 'संसद् विपक्ष'को भन्ने मान्यता नै स्थापित गर्न खोजेका थिए। विपक्षले उठाएका सबालहरू सम्बोधन गर्न सरकारलाई निर्देश (रुलिङ) गर्ने गर्थे। 'सरकार सत्ता पक्षको, संसद् विपक्षको' भन्ने उनको अभिव्यक्ति अझै पनि सम्झना गरिन्छ। त्यतिबेलाको सत्तापक्ष कतिपय विषयमा ढुंगानाको भूमिकाप्रति रुष्ट पनि बनेको थियो।

नेपालको पहिलो संसद्को इतिहास झन् गर्व गोग्य छ। तत्कालीन सभामुख कृष्णप्रसाद भट्टराईले चिनियाँ प्रधानमन्त्रीको नेपाल भ्रमणका बारेमा नेपालका तत्कालीन प्रधानमन्त्री बीपी कोइरालासँग जिज्ञासा राख्न समय दिएको र त्यहाँ सोधिएका प्रश्न तथा बीपीको जबाफको स्तर हेर्दा संसदीय व्यवस्थाप्रति नै गर्व गर्ने ठाउँ देखिन्छ। सरकार संसद्प्रति कसरी जवाफदेही बन्नुपर्दो रहेछ अनी संसदीय अभ्यासको महत्त्व कति रहेछ भन्ने यसबाट बुझ्न सकिन्छ।

उल्लेखित दुवै कालका संसद् लोभलाग्दो गरी सञ्चालन भएका थिए। अहिले पनि संसदीय अभ्यासले त्यस्तै ताकत देखाओस् भन्ने अपेक्षा संसदीय लोकतन्त्रका पक्षधरहरूको छ। तर, त्यसका लागि उनीहरूले आवाज किन उठाइरहेका छैनन् ? किन मौन बसेका छन् ? यो बढो गंभीर विषय हो। यस प्रसङ्गमा दुईवटा भनाइ यहाँ उद्धृत गर्नु सान्दर्भिक हुनेछ। एउटा अमेरिकी लेखक मार्क ट्वेनको हो। उनी भन्छन् – सत्यले जुत्ता लगाउँदै गर्दा झुठले आधा संसार घुमिसकेको हुन्छ। त्यसैगरी अर्को भनाइ बीपी कोइरालाको हो। उनी भन्छन– सत्यको मुख बन्द भयो भने मिथ्याको थुतुनो चल्न थाल्छ। यी दुवै कथनको सार हो – अवस्था खराब बन्न थालेमा सत्य कुरा बाहिर ल्याइहाल्नुपर्छ। सत्यका पक्षधर मौन रहे भने झुठको खेती हुन्छ। त्यस्तो खेतीमा फल्ने त झुठ नै हो।

संसदीय बहस र छलफलको आफ्नै विशेषता र सामर्थ्य हुन्छ। समाजलाई मात्र हैन, व्यक्तिव्यक्तिलाई समेत सभ्य र निकास केन्द्रित बहस गर्न सिकाउने सामर्थ्य संसदीय अभ्यासले राख्छ। असत्यले जस्तो सुकै खेती गरे पनि त्यसलाई भ्रारपातमा रुपान्तरित गरेर समाजोपयोगी बाली निर्माण गर्नसक्ने क्षमता सहितको संसदीय अभ्यास हो हामीले चाहेको। तर, अहिले खै त्यो सामर्थ्य ? राज्यका सबै महत्त्वपूर्ण संरचनालाई कमजोर बनाउने र शक्तिजति सबै राजनीतिक नेतृत्वको हातमा लिने प्रवृत्ति धेरै अघिदेखि नै देखिन थालेको हो। यसको आलोचना पनि भएकै हो।

तर, त्यस्ता टिप्पणीप्रति अहिलेको राजनीतिक नेतृत्वले कुनै चासो देखाएन र सुधारको खाँचो देखेन। संसद् नै सीमित नेताको निर्णयलाई अनुमोदन गर्ने थलोमा रुपान्तरित हुन थाल्यो। संविधान निर्माणका समयमा संविधान सभाका सभासद्हरू रातिसम्म संसद्का कुर्सीमा उङ्ने र सीमित नेताहरूले बैठक गरेर निर्णय सुनाउन आउने गरेको धेरै भएको छैन। संविधान निर्माणका लागि राजनीतिक सहमति अनिवार्य थियो र त्यतिबेला त्यस्तो अभ्यास अलिकति स्वाभाविक पनि मानियो।

तर, अब संविधानको व्यवस्थाअनुसार निर्वाचित संसद्को पनि त्यही हविगति देखिन थाल्यो। त्यसो हुन दिनुहुँदैन। सबै समस्याको समाधान संसद् भित्रैबाट खोज्ने अभ्यास जरुरी छ। राज्यका अन्य संरचनालाई कमजोर बनाउँदा दैनन्दिनका प्रशासनिक कामको नेतृत्व गर्ने कार्यपालिका अर्थात् सरकारलाई संसद्ले नियन्त्रण गर्ने र आफूप्रति जवाफदेही बनाउने सामर्थ्य संसद्ले देखाउनु पर्छ। शक्ति पृथकीकरणको सिद्धान्तले यही कुरालाई बलियो बनाउन चाहन्छ।

अन्य संरचनालाई समेत बलियो बनाउनु पर्नेमात्र हैन बनाउन भूमिका खेल्न सक्ने संसद् आफैं यसरी कमजोर हुनु शुभ संकेत होइन। संसदीय अभ्यासका पक्षधर राजनीतिक शक्ति र यसका शुभचिन्तकहरूको मौन लोकतन्त्रको भविष्यका लागि उचित मान्न सकिँदैन। यिनीहरू अब बोल्नुपर्छ र आवश्यक भए हस्तक्षेपकारी भूमिकामा आउनुपर्छ। सभामुखले प्रधानमन्त्री, सत्तारुढ दल र प्रमुख विपक्षी दललगायत विपक्षी नेताहरूलाई सँगै राखेर निरन्तर संवाद गरेर निकास पहिल्याउनुपर्छ। अनी बल्ल संसद्ले हामीले अपेक्षा गरेजस्तो बहस प्रारम्भ गर्न सक्छ। अहिलेको अवस्थालाई संसद् चालुरहेको स्थिति भन्ने मिल्दैन। राज्य केही अलमलमा परे संसद् बोलाएर निकास दोज्ने सामर्थ्यसहितको संसदीय पद्दति हो हामीले चाहेको। संसद्या जारी नारावाजीबीचको कर्मकाण्डी छलफलले कुनै पनि निकास दिन सक्दैन।

सरकार र सत्तारुढहरूले हीनताबोध नगरी संसद्को असल अभ्यास र गतिशीलताका लागि कुनै पनि 'पोजिसन' नबनाएर प्रस्तु हुन सक्नुपर्छ। अहिले प्रतिष्ठाको विषय बनाइएका कुनै पनि कार्यसूचीभन्दा संसद्को सबलताका सन्दर्भका गरिएको निर्णय राजनीतिकरूपमा दीर्घकालसम्मका लागि महत्त्वपूर्ण र लाभदायक हुनेछन्। संसद्या कस्तो विषय प्रवेश गर्ने हो र कस्ता विषयलाई राज्यका अन्य संरचनाले सम्बोधन गर्छन् भन्नेमा समेत स्पष्ट साझा दृष्टिकोण निर्माण पनि अहिलेको आवश्यकता देखिएको छ। प्रतिशोध, कुण्ठा, आक्रोशमात्र संसद्या अभिव्यक्त भइरहनुलाई यस पद्धतिका पक्षधरले उचित मान्न सक्दैनन्।

संसद्को विषय र गांभीर्यको बोध स्वयम् सांसद र दलहरूले नदेखाउँदाको परिणति हो यो। प्रहरीले स्वाभाविकरूपमा अगाडि बढाउने प्रकृतिका घटना पनि संसद्या चर्को स्वरमा उछालिएका छन्। राज्यका संरचनाको दायित्व, जिम्मेवारी समेत संसद्ले खोस्न खोज्ने र खोस्न पर्छ भन्नेजस्ता अभिव्यक्तिमा संसद्का छलफल महिनौं अल्भिरहेका छन्। नयाँ दलहरूले समेत संवादको मागभन्दा विरोध प्रदर्शन र चर्को बोलीमा आफ्नो जिम्मेवारी पूरा भएको ठान्ने र चर्चामा आउने मौकालाई प्रधानता दिइरहेका छन्। अर्कातिर नयाँहरूसँग गंभीर छलफलका लागि राजनीतिक दलमा अझै रुचि जागेको देखिएन। अस्तित्व स्वीकार गर्नमा समेत समस्या देखिन्छ।

यी यावत् अवस्थाको अन्त्यका लागि संसद् बलियो आत्मविश्वास लिएर सही मार्गमा अग्रसर हुनुपर्छ। शक्तिपृथकीकरणको सिद्धान्तको सही अभ्यास गर्ने क्षमता सभामुखले देखाउन सक्नुपर्छ। सभामुखले यो प्रश्नमा जति कमजोर भूमिका देखाउँछन् हाम्रो संसदीय लोकतन्त्रको गरिमा त्यति नै खस्कने छ। यसतर्फ उनलाई बल दिन, सुझाव दिन, आत्मविश्वास जागृत गर्न अहिलेसम्म मौन रहेको ठूलो संख्याले अब मुख खोल्नै पर्छ। मिथ्याले थुतुनो नचलाउदै र झुठ आधासंसार घुम्न नजाँदै यो मौन तोडिन पर्नेथियो। अबेर त भइसकेको छ तर अब मौन तोडौं। हाम्रो संसदीय अभ्यासलाई शक्तिपृथकीकरणको सिद्धान्तअनुसार बलियो र परिणामदेही बनाउन लागिपरौं।

# प्रदेश सरकार किन र केका लागि ?

**डा. गंगादत्त नेपाल**

संघीयतापश्चात् प्रदेशहरूले आठौं वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गरिसकेका छन्। वास्तवमा संघीयता अन्तर्गतका सरकार स्वतन्त्र रूपमा सहकार्य तथा सहअस्तित्वको भावना अनुरूप अगाडि बढ्नुपर्ने हुन्छ। संघीय सरकारले नीति–नियम बनाउने अन्तर्राष्ट्रिय सम्बन्ध, द्विपक्षीय र बहुपक्षीय सम्बन्धहरू स्थापना गर्नेत्र सामरिक महत्वका कार्यहरू गर्ने नै हो। त्यस्तै प्रदेश सरकार विकास निर्माण र जनताका आवश्यकतातर्फ केन्द्रित हुन आवश्यक छ। जनतालाई सबैभन्दा नजिकबाट सेवा–सुविधा प्रदान गर्ने निकाय हो, स्थानीय सरकार । प्रदेश सरकार हाम्रा लागि नयाँ हो। हामीले केन्द्र सरकार र स्थानीय सरकारलाई भने लामो समयदेखि बेहोर्दै आएका हौं। तसर्थ प्रदेश सरकार किन र केका लागि भन्ने प्रश्न यदाकदा सुन्न पाइन्छ।

प्रदेश संरचनालाई मजबुत नबनाईकन संघीयता सबल हुन सक्दैन। प्रदेशहरूलाई सबल बनाउन स्थानीय सरकारहरूको सहयोग र संघीय सरकारको सुझाव, सहयोग र समुचित वित्तीय व्यवस्थापन महत्त्वपूर्ण रहन्छ। यसर्थ अब बिस्तारै प्रदेश रहनुको औचित्य साबित गर्न नसके व्यवस्थातर्फ नै प्रश्न आउने अवस्था सिर्जना हुँदै गइरहेको देखिन्छ। यस परिप्रेक्ष्यमा दुई पृथक् भनाइहरू प्रमुख रूपमा अगाडि आइरहेका छन्।

पहिलो भनाइ छ, मुलुकको विविधतालाई समेटन र समृद्धि हासिल गर्न प्रदेश संरचना आवश्यक छ। दोस्रो भनाइ छ— प्रदेशहरू असाध्यै खर्चिलो भएको, भ्रष्टाचारको केन्द्र र कार्यकर्ता व्यवस्थापन गर्ने थलो बन्दै गएको छ। यसो भन्नेहरुले केन्द्र र स्थानीय तह मात्र भए पुग्ने दलिल पेस गर्छन्। यद्यपि हाम्रो संविधानले दुई तहको संघीयताको परिकल्पना गरेको छैन तथा दुई तहको प्रणालीलाई संघीयता भन्न सकिन्न। प्रदेशहरूले कानुनी र भौतिक दुवै आधार खडा गर्नुपर्ने थियो, यी दुवै कार्यमा प्रदेश सरकारहरू सफलताका साथ अगाडि बढेको देखिन्छ।

हाम्रो संविधानको धारा ५६ (१) मा भनिएको छ, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ। त्यस्तै गरी अनुसूची ५ देखि ९ सम्म संघीय एकाइका एकल र साझा अधिकारका सूची दिइएका छन् भने अनुसूची ६ मा प्रदेशले के के गर्ने भनी एकल अधिकार उल्लेख गरिएको छ। त्यसैले 'प्रदेश चाहिन्छ कि चाहिँदैन' भन्ने बहसमा केन्द्रित नभई सञ्चालनमा आएको सात वर्षदेखि प्रदेशहरू कसरी काम गर्दै छन् तथा प्रदेश सञ्चालनमा के के समस्या देखिए भन्ने आजको केन्द्रीय समस्याहरूको समाधान कसरी गर्न सकिएला ?

संघीयता कार्यान्वयनको सकस सम्बन्धमा प्रदेशको औचित्य सबैभन्दा पहिला प्रदेशले नै स्थापित गर्नुपर्ने हुन्छ। के प्रदेश एक्लैले मात्रै आफ्नो औचित्य स्थापित गर्न वा आफूलाई सबल बनाउन सक्छ ? सक्दैन। तसर्थ हामी संघीयताबारे जुन चिन्ता गर्छौं, त्यसमा सबैभन्दा समस्याग्रस्त नै प्रदेश छ। प्रदेश र संघ दुवै मिलेर अघि बढे मात्र प्रदेशको औचित्य स्थापित हुन सक्छ। दोस्रो कार्यकालको आधा समय बिताउँदै गर्दा निर्वाचित प्रदेशसभा र सरकारहरूले आमजनता सामु आफ्नो अस्तित्व साबित गर्न सके कि सकेनन् ? तिनले केन्द्रकै कार्यकारिणी, विधायिकी र प्रशासनिक कार्यशैलीको नक्कल गरे कि त्योभन्दा भिन्न शैलीमा

–बाँकी तीन पेजमा

*प्रदेश सरकार ...*

प्रस्तुत भए ! अब मूल्याङ्कन गर्ने बेला भएको छ। संघीय सरकारको पूरै छाया प्रदेशमा पर्नु हुँदैन तर अहिले त्यस्तै भइरहेको छ। संघमा जस्तै प्रदेशमा पनि सरकारहरू अस्थिर बनेका छन्। पार्टी विभाजन र आन्तरिक कलहले प्रादेशिक सरकारहरू गठन र विघटन हुने प्रक्रिया जारी छ तर यस्तो अस्थिरता हुँदाहुँदै पनि प्रादेशिक सरकारहरू कामै नगरी बसेका भने होइनन्। यद्यपि प्रदेश सरकारहरूले आ–आफ्ना कार्यक्षेत्रभित्र शान्तिसुरक्षा कायम गरी विकास निर्माणका काम गर्न सक्छन्। त्यसबाहेक तिनले आफू मातहतका पालिकाहरूबिच कानुन बनाउनेदेखि विकास निर्माणका काममा सहयोगी तथा समन्वयकारी भूमिका निर्वाह गर्न सक्छन्। आफूसित भएको बजेट तिनलाई उपलब्ध गराउन सक्छन्। प्रदेश सरकार जनताप्रति कतिको जवाफदेही हुन्छ ? त्यसैमा संघीयताको भविष्य निर्भर हुन्छ।

आमनागरिकले संघीयता भनेकै प्रदेश हो भन्ने बुझेका छन् र यसले कसरी काम गर्छ भनेर नजिकबाट नियालिरहेका छन्। प्रत्येक वर्ष प्रादेशिक सरकारले वार्षिक बजेट पारित गर्दै आएको छ। त्यसका लागि प्रदेश आर्थिक ऐन र नियमावलीहरू बनेका छन्। प्रादेशिक सरकारहरूले प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश विनियोजन ऐन साथै अन्य आवश्यक धेरै ऐन–कानुन तर्जुमा गरेर अगाडि बढेका छन्। शिक्षा, स्वास्थ्य, यातायात, कृषि, खानी तथा उद्योग लगायत विकास निर्माणका धेरै क्षेत्रमा प्रदेशहरूले ऐन तर्जुमा गरेर कार्यान्वयन गर्दै छन्, विकास निर्माणका योजनाहरूमा जोड दिएका छन्।

हाल सातै प्रदेशमा मुख्यमन्त्री र प्रदेश प्रमुखका कार्यालय स्थापित भएका छन्। प्रदेश महान्यायाधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोगको कार्यालय, प्रदेश लोकसेवा आयोगको कार्यालय, प्रदेश खेलकुद विकास बोर्ड, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश निर्वाचन कार्यालयजस्ता कार्यालय प्रदेशमा स्थापना भइसकेका छन्। प्रदेशहरूले आफूलाई आवश्यक पर्ने कर्मचारीहरू प्रदेश लोकसेवा आयोगमार्फत विज्ञापन गरी पदपूर्ति गर्दै आएका छन्। संविधानको अनुसूचीमा एकल र साझा अधिकारका सूची दिइएको भए पनि संघले 'दिने' र प्रदेशले 'लिने' भन्ने पुरानै केन्द्रीकृत मानसिकताले काम गरिरहेको हुँदा प्रदेशका कामहरू प्रभावित भइरहेका छन्, प्रदेशहरूमा समस्या छन्।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले दिएको सुझाव अनुसार अर्थ मन्त्रालयले प्रदेशहरूलाई स्रोत बाँडफाँट नगरेका गुनासा आइरहेका छन्। स्रोत–साधन नभई प्रदेशहरूले कसरी काम गर्न सक्छन्, यो नै यस परिप्रेक्ष्यमा रहेको यक्ष प्रश्न हो।

# अर्गानिक आँप बिक्री गरेर लाखौं आम्दानी

**सुधा देव**

सप्तरी, ८ असार। सप्तरीको कञ्चनरूप नगरपालिका–१२ रूपनगर, बस्तीपुरका कृषकहरूले विषादी प्रयोग नगरी अर्गानिक आँप उत्पादन गरी बिक्री गरेर लाखौं रुपियाँको आम्दानी गर्न सफल भएका छन्। स्थानीय युवाहरूले उपभोक्ताको स्वास्थ्यको ख्याल गरेर २०७९ सालमा बस्तीपुर म्याङो फार्मिङ एग्रिकल्चर प्रालि सञ्चालन गरेर बिषादीरहित अर्गानिक आँपको खेती गर्न थालेपछि यहाँको आँपको माँग बढेको हो।



काठमाडौं, झापा, विराटनगर, गाईघाट, धरानलगायत मुलुकको विभिन्न ठाउँबाट उपभोक्ताहरू आँप किन्न आउने गरेको प्रालिका अध्यक्ष रमेश श्रेष्ठले जानकारी दिए। उनले भने, "काठमाडौंलगायत पूर्वको अधिकांश भाटभटेनीमा हाम्रो आँप जाने गरेको छ।" हाम्रो समितिमा भएकाहरूको आफ्नै २० बिघा र अर्काको २० बिघा क्षेत्रफलमा आँपको बगैँचा रहेको र लिजमा लिएर ४० बिघामा आँप उत्पादन गरेर बिक्री सुरू गरेको उनले जानकारी दिए। उनले भने, "बिषादीरहित अर्गानिक आँप उत्पादन गरेर उपभोक्तालाई आँप दिन पाउँदा र भनेजस्तो आम्दानी हुँदै आएकाले हामी सन्तुष्ट छौं।"

आँपको सिजनमा बजारमा विषादीयुक्त आँपका कारण सर्वसाधारणको स्वास्थ्यमा नराम्ररी असर परिरहेका बेला अर्गानिक आँप उत्पादन हुन थालेपछि बगैँचामै आँप किन्न आउनेको भिड लाग्दै आएको उनले बताए। गत वर्ष ८० लाखको आँप बिक्री भए पनि यस वर्ष करिब १ करोडको आँप बिक्री गर्ने लक्ष्य रहेको उनले जानकारी दिए। दैनिक बगैँचाबाट तीन सयदेखि पाँच सय टन आँप बिक्री हुँदै आएको उनले बताए।

आँपको राजधानीको रूपमा सप्तरी जिल्ला प्रख्यात मानिन्छ। जिल्लामा सबैभन्दा बढी रूपनगरमा आँप उत्पादन हुँदै आएको छ। यहाँ करिब पाँच सय बिघा आँप उत्पादन हुँदै आएको स्थानीयको भनाइ छ। वैशाखदेखि आठ जना बगैँचा रूँगने कामदारलाई मासिक आठ हजारदेखि अठार हजारसम्म मासिक तलब दिएर राख्दै आएको उनले बताए। उनले भने, "वैशाखदेखि साउन दोस्रो हप्तासम्म बगैँचामा काम गर्ने मजदुरलाई एघार लाख ज्याला मात्र दिँदै आएको छु।"

आँप तौल गर्ने प्याकिङ गर्ने लोड गर्ने ६ जना भारतीय मजदुरले मात्र मासिक १५ देखि २० हजार भारू रुपियाँ तलब लिँदै आएको छ। जेठ अन्तिम हप्तादेखि साउन पहिलो हप्तासम्म दैनिक आँप टिप्ने र बटुल्ने मजदुरमात्र सोह्रदेखि २८ जना मजदुरले दैनिक खाना र खाजासहित जनही ६ सय लिँदै आएका छन्।" बगैँचामा माल्दह, बम्बै, दसहरी, अम्रपाली, सिपी, कलकतिया, कृष्णभोग लगायतको आँप भए पनि माल्दह आँपको सबैभन्दा बढी माग रहेको अध्यक्ष श्रेष्ठले जानकारी दिए।

पाकेको आँपमात्र बेच्नुभन्दा आँपको रूखबाट झर्ने टिकुला र पाकेर आफै झर्ने आँपबाट कसरी प्रोडक्ट तयार गरेर बजारीकरण गर्ने तयारीमा प्रालि लागेको उनले बताए। उनले भने, "राम्रो आँप त सबैले किन्छ। खेर जाने आँपको प्रोडक्ट तयार गर्न सक्यो भने सबैखाले आँपको सदुपयोग हुन्छ र आम्दानी पनि राम्रो हुन्छ।" आँप किन्न बगैँचामा आएका सुनसरी इटहरी नगरपालिका–१२ का ६८ वर्षिय रामप्रसाद अर्यालले विषादी भएको आँप बजारमा छ्यापछ्याप्ती भए पनि विषादी प्रयोग नभएको स्वास्थ्यकर आँप किन्न आएको बताए।

# १५ हजार विद्यालय गाभ्ने वा बन्द तयारीमा सरकार

काठमाडौं, ८ असार। शैक्षिक गुणस्तर खस्कँदै गएपछि सामुदायिक विद्यालयप्रति अभिभावक र विद्यार्थीको विश्वास घट्दै गएको छ। कमजोर गुणस्तर र विद्यार्थीमैत्री वातावरण नहुँदा सामुदायिक विद्यालयमा विद्यार्थी संख्या पनि घट्दै गएको छ। यस्तो अवस्थामा आधाभन्दा बढी सामुदायिक विद्यालय मर्ज वा बन्द गर्नुपर्ने अवस्थामा सरकार पुगेको छ। अर्थ मन्त्रालयले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार देशभरि सञ्चालित ३५ हजार ४ सय ४७ विद्यालयमध्ये ७३ प्रतिशत अर्थात् २५ हजार ८ सय ७६ सामुदायिक छन्। २०८०/८१ मा मुलुकभरि ३५ हजार ८ सय ७६ विद्यालय सञ्चालित थिए। जसमध्ये ७४.१ प्रतिशत अर्थात् २६ हजार ५ सय ८४ सामुदायिक विद्यालय थिए।

यो तथ्यांकले दुई आर्थिक वर्षको अन्तरमा सामुदायिक विद्यालयको संख्या घटेको देखाउँछ। यसैगरी सामुदायिक विद्यालयमा विद्यार्थी संख्या पनि घट्दै गएको तथ्यांक छ। बदलिँदो समयअनुसार रूपान्तरण हुन नसकेका कारण सामुदायकि विद्यालयप्रति अभिभावकको रुचि पनि कम हुँदै गएको छ।

नेपालमा हाल सञ्चालित २५ हजार ८ सय ७६ वटा सामुदायिक विद्यालयमध्ये १५ हजार २ सय ७३ मा एक सयभन्दा कम संख्यामा विद्यार्थी छन्। यस्ता विद्यालयलाई एकआपसमा मर्ज वा बन्द गर्ने नीति शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अघि सार्न लागेको मन्त्रालयका प्रवक्ता एवं सहसचिव शिव सापकोटाले बताए। उनका अनुसार एक सयभन्दा कम विद्यार्थी भएका सामुदायिक विद्यालयलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा मन्त्रालयले अध्ययन गरिरहेको छ। 'समयअनुसार राज्यले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न बजेटको आकार बढाउँदै लगेको छ,' सापकोटाले भने, 'सामुदायिक विद्यालयका ९९ प्रतिशत शिक्षक तालिम प्राप्त नै छन् तर पनि शिक्षण सिकाइ र सिकाइ उपलब्धि बढ्न सकेको छैन। यी विद्यालयले अभिभावक र विद्यार्थीको विश्वास जित्न पनि सकेका छैनन्। यसैकारण सामुदायिक विद्यालयमा विद्यार्थी संख्या पनि घट्दो छ। सयभन्दा कम विद्यार्थी भएका विद्यालय १५ हजारभन्दा बढी छन्। यस्ता विद्यालयलाई मर्ज वा बन्द गर्ने विषयमा मन्त्रालय नीति तथा कार्यक्रम बनाएर अघि बढ्ने तयारीमा छ।'

सापकोटाका अनुसार सरकारले सरकारी शिक्षामा गरेको लगानीअनुसारको प्रतिफल पाउन सकेको छैन। 'आउँदो साउनदेखि सरकारले मर्जको नीतिअनुसार विद्यालयको पुनर्संरचना गर्नेछ,' सापकोटाले भने, 'विद्यालय नक्सांकन गरी पुनः वितरणको नीति अपनाइनेछ। तह, ग्रेड र स्कुल मर्जको नीति अघि सारिएको छ। शिक्षक दरबन्दी पनि रूपान्तरण गरिनेछ।' तह घटाउने, गाभ्ने, बन्द गर्ने अधिकार सम्बन्धित पालिकालाई भएकाले मन्त्रालयको निर्देशनमा पालिकाले विद्यालय व्यवस्थापन गर्ने मन्त्रालयका सूचना अधिकारी उपसचिव नीलकण्ठ ढकालले बताए। 'एक सयभन्दा कम विद्यार्थी भएका विद्यालय धेरैजसो आधारभूत तहका छन्,' ढकालले भने, 'आगामी नीति तथा कार्यक्रमले यस्ता विद्यालय मर्ज वा बन्द के गर्ने भन्ने तय गर्छ।'

देशभरि पाँच सय देखि एक हजार विद्यार्थी भएका एक हजार ६ सय ३६ वटा र एक हजारदेखि १५ सयसम्म विद्यार्थी भएका ४ सय ४९ वटा सामुदायिक विद्यालय छन्। त्यस्तै २ हजारभन्दा बढी विद्यार्थी भएको सामुदायिक विद्यालय सय वटा मात्र छन्। 'सरकारले लगानी र सेवासुविधा विस्तार गर्दा पनि सामुदायिक विद्यालयमा विद्यार्थी संख्या र शैक्षिक गुणस्तर बढ्न नसक्नु विडम्बना नै हो,' उपसचिव ढकालले भने।

सरकारले शिक्षा क्षेत्रमा बर्सेनि २ खर्ब हाराहारीमा बजेट खर्च गर्दै आएको छ। तर सरकारी विद्यालयको शैक्षिक गुणस्तरमा सुधार आउन सकेको छैन। सयभन्दा कम विद्यार्थी भएका सामुदायिक विद्यालयमध्ये ९० प्रतिशत आधारभूत तहका रहेका शिक्षा, तथा मानव स्रोत विकास केन्द्रक निर्देशक भक्तबहादुर गोदारको भनाइ छ। उनका अनुसार शिक्षक दरबन्दी पनि आधारभूत तहमै धेरै छन्। तथ्यांक अनुसार सबै प्रकारका विद्यालयमा २ लाख ७८ हजार ५ सय ८५ जना शिक्षक छन्।

*विद्यालयमा दुई ...*

त्यसका लागि निर्माण हुने यो दुई कोठे भवनले सहजता ल्याउँछ।" उनले दलित जनकल्याण युवा क्लब र लहान नगरपालिकाको सहकार्यले बनेको यो भवनले विद्यार्थीको सिकाइ प्रक्रियामा सहजता ल्याउने विश्वास व्यक्त गर्दै विद्यालयको समग्र विकासमा नगरपालिका सदैव प्रतिबद्ध रहेको स्पष्ट पारे।

विगत लामो समयदेखि सिरहाका विभिन्न पालिका तथा स्थानमा विपन्न दलितहरूको उत्थान र जीविकोपार्जनमा निरन्तर काम गरिरहेको संस्था दलित जनकल्याण युवा क्लबका अध्यक्ष विनोद बिसुंखेले यस ठाउँमा दलित विद्यार्थीको बाहुल्यता रहेको र भौतिक संरचना जीर्ण रहेकाले आफूहरूले यस विद्यालयमा थप २ कोठे भनव निर्माणमा जोड दिएको बताए। उनले विद्यालयको भौतिक पूर्वाधार सुदृढीकरणमार्फत गुणस्तरीय शिक्षा प्रवाहमा सहयोग पुग्ने अपेक्षा गरिएको धारण राखे।

विद्यालयका प्रधानाध्यापक हजारी साहका अनुसार १ सय ६५ जना छात्रछात्रा विद्यालयमा अध्ययनरत रहेका छन्। भवन निर्माण समितिका अनुसार आगामी पुस पहिलो हप्तासम्म भवन निर्माण सम्पन्न हुने लक्ष्य रहेको छ। त्यसैगरी दलित बाहुल्यता रहेको लहानकै वडा नं २२ स्थित जहदीसिसवनी आधारभूत विद्यालयमा थप ४ कोठे भवन निर्माणको अन्तिम चरणमा रहेको दलित जनकल्याण युवा क्लबका अध्यक्ष बिसुंखेले जानकारी दिए। उनका अनुसार 'एक्सन एड'को ६२ लाख रुपैयाँ, नगरपालिकाको १५ लाख रुपैयाँ र वडाको ५ लाख रुपैयाँ गरी ८२ लाख रुपैयाँ लागतमा गत मङ्सिरमा शिलान्यास भई निर्माणको काम भइरहेको छ।

*दलित परिवारलाई...*

अशोककुमार महतोले करिब सात दशकअघि जमिन्दारले बसाएको दलित बस्तीमा पटक–पटक जालभेल गरेर छेडछाडमा जग्गा भएका व्यक्तिहरूले अप्ठ्यारो पार्दै आइरहेको बताए।

**पीडितले दिए उजुरी**

घर बनाउन अवरोध भएपछि जीवछ सदाले जिल्ला प्रशासन कार्यालय सिराहामा निवेदन दिएका छन्। ८ असारमा नरहा प्रहरीमा छलफलको मिति तोकिएको उनले बताए। जिल्ला प्रशासनले पीडितको निवेदनसहित जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गरेपछि छलफल हुन लागेको हो। यसअघि २२ वैशाखको छलफलमा रामचलितर यादवले आफ्नो खेतमा जान पाँच हातजति जग्गा छोडेर खाँबा सारेर घर बनाउन मौखिक सहमति दिएका थिए। तर, अहिले अटेर गरिरहेको सदाले बताए। जिल्ला प्रहरी कार्यालय सिराहाका प्रहरी निरीक्षक आकाश उप्रेतीले पीडितले घर बनाउन नपाएको भन्दै प्रशासनमार्फत आएको उजुरीको विषयमा प्रहरी गम्भीर रहेको बताए। मातहतको प्रहरी युनिटमार्फत समाजमा छलफल गराएर उनको घर बनाउने वातावरण निर्माण गर्न आवश्यक पहल गरिरहेको उनको भनाइ छ।

**दलित बस्तीमा पटक–पटक जालभेल गरेर अप्ठ्यारोमा पारिँदै आएको छ : वडाध्यक्ष**

नरहा १ का वडाध्यक्ष अशोककुमार महतोले करिब सात दशकअघि जमिनदारले बसाएको दलित बस्तीमा पटक–पटक जालभेल गरेर छेडछाडमा जग्गा भएका व्यक्तिहरूले अप्ठ्यारो पार्दै आइरहेको बताए। 'त्यतिवेला गाउँलेसमेतको सहमतिमा बस्ती बस्यो, वर्षौंदेखि भोगचलन छ, तर नयाँ घर बनाउन अवरोध गरिनु जालभेल नभई के हो त?' उनले भने।




लहान नगरपालिका–१६ राजाजी डाँडामा नवनिर्मित राजाजी बाबाको मन्दिरलगायतका सौन्दर्यकरण कार्यको उदघाट्न मेयर महेश चौधरीले गरेका छन्। उदघाटन कार्यक्रममा वडा अध्यक्ष गडुल बहादुर जर्घामगर, कांग्रेस लहान नगर सभापति संजय यादव, नगरपालिकाका कानुनी सल्लाहकार अधिवक्ता सन्तोष सुवेदी, नेपाल पत्रकार महासंघका सभापति मनोज बनैता यादव, बुथ सभापति राधेश्याम चौधरी, नेविसंघ जिल्ला सभापति पप्पु यादव, उपभोक्ता समिति अध्यक्ष तिर्थराज भण्डारी, संचारकर्मी लगायत स्थानीयहरुको उपस्थिति थियो।

# मधेश मिडिया काउन्सिलका अध्यक्ष उपाध्याय भ्रष्टाचार मुद्दामा दोषी ठहर

**मधेश प्रदेश प्रेस काउन्सिलका अध्यक्ष कमलकुमार उपाध्याय भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन्। विशेष अदालतले उपाध्यायलाई ६ महिना कैद र १ लाख १७ हजार जरिवाना तिराउने फैसला गरेको छ।**

काठमाडौं, ८ असार। मधेश प्रदेश प्रेस काउन्सिलका अध्यक्ष कमलकुमार उपाध्याय भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन्। विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्यहरू रामबहादुर थापा र रितेन्द्र थापाको संयुक्त इजलासले उपाध्यायलाई ६ महिना कैद सजाय र १ लाख १७ हजार ५२० रुपैयाँ जरिवाना तिराउने फैसला गरेको हो। ७ वैशाखमा अध्यक्ष नियुक्त भएका उपाध्यायविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ९ वैशाखमा विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। त्यसपछि उनी निलम्बित भएका थिए।

अख्तियारले बाराको पचरौता नगरपालिकाले सार्वजनिक खरिद ऐनलाई छलेर विज्ञापन प्रकाशित नगरी आर्थिक अनियमिमता गरेको भन्दै मुद्दा अभियोजन गरेको थियो। अख्तियारले पचरौता नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामप्रसाद यादव र लेखापाल आसिम मियाँ अन्सारीविरुद्ध पनि मुद्दा दायर गरेको थियो। विशेषले नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत यादवलाई पनि ६ महिना कैद सजाय र १ लाख १७ हजार ५२० रुपैयाँ जरिवाना गराउने फैसला गरेको छ।



नगरपालिकाका लेखापाल हासिम मिया अन्सारीले प्रमुख प्रशासकीय अधिकृतको आदेश अनुसार भुक्तानी मात्रै दिएको तर उनी विरुद्ध ठोस एवम वस्तुतिष्ट प्रमाणबाट दोषी पुष्टि नभएको भन्दै विशेषले उनलाई भने सफाइ दिएको छ। नेपाल पत्रकार महासंघ बाराका पूर्वअध्यक्ष तथा प्रेस चौतारी नेपालका पूर्वसचिव रहेका उपाध्यक्ष बाराबाट प्रकाशन हुने कृपा दैनिकका प्रकाशक तथा सम्पादकसमेत हुन्। यादव, अन्सारी र उपाध्यायले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कसूर गरेकोले बिगो रकम तीन लाख ५२ हजार ५६० रुपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिवाना सजाय गरी बिगो असुल उपर गर्न अख्तियारले विशेष अदालतसमक्ष माग दावी गरेको थियो।

नगरपालिकाबाट आर्थिक वर्ष २०७७/७८ मा सञ्चालित ठेक्काहरू...को बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद ऐन बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेमा के एस मल्टिपर्पस प्रालिका अध्यक्ष कमल कुमार उपाध्यायसमेतको मिलेमतोमा पचरौता नगरपालिकाको ठेक्काको अभिलेख राख्ने प्रयोजनार्थ मात्र प्रभाव दैनिक पत्रिकामा एक प्रति मात्र बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको अख्तियारको अभियोजनपत्रमा उल्लेख थियो। अख्तियारले त्यसरी बोलपत्रसम्बन्धी सूचना प्रकाशित गरी पचरौता नगरपालिकामा पेश गर्न लगाई झुट्टा विवरणसहितको पत्रिकाको आधारमा तीन लाख ५२ हजार ५६० रुपैयाँ उपाध्यायको केएस मल्टिपर्पस प्रालिलाई भुक्तानी दिएको पुष्टि भएको दावी गरेको थियो।

# पशुपति क्षेत्र विकास कोषमा भ्रष्टाचार, सदस्य–सचिवसहित १४ जना र दुई कम्पनीविरुद्ध मुद्दा

काठमाडौं, ८ असार। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पशुपति क्षेत्र विकास कोषका सदस्य–सचिव डा. मिलनकुमार थापासहित १४ जना र दुई कम्पनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। उनीहरूले १० करोड ३३ लाख ९१ हजार ३० रुपैयाँ भ्रष्टाचार गरेको ठरह गर्दै अख्तियारले आइतबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो। अख्तियारले मुद्दा दायर गरेकामा पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्य–सचिव एवं हाल परिषद् सदस्य राजुकुमार खत्री, तत्कालीन कार्यकारी निर्देशक डा. घनश्याम खतिवडा, तत्कालीन निमित्त उप–निर्देशक एवं हालका उप–निर्देशक रेवतीरमण अधिकारी, तत्कालीन निमित्त उप–निर्देशक सीताराम रिसेल, इन्जिनियर पशुपति ठाकुर, इन्जिनियर डेनिस उप्रेती, इन्जिनियर रमेश पुरी र लेखा अधिकृत चन्द्रप्रसाद खनाल छन्।

यस्तै, इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पस, इलेक्ट्रिकल विभागका प्रमुख उपप्राध्यापक युवराज अधिकारी, पशुपति क्षेत्र विकास कोषका कानुनी सल्लाहकार तथा मूल्यांकन समिति सदस्य लैनबहादुर थापा, म्याप इन्टरप्रेनर्स प्रा.लि. काठमाडौं तथा सञ्चालक मनोजप पुरी र यदुनन्दन भट्टराई, एपल इन्जिनियरिङ प्रोफेसनल कन्सल्टेन्सी प्रा.लि. र सोका प्रबन्ध निर्देशक सुरज चापागाईंविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ।

अख्तियारले दायर गरेको मुद्दामा सबैजनासँग १० करोड ३३ लाख ९१ हजार ३० रुपैयाँ बिगो मागदाबी गरिएको छ। पशुपति क्षेत्र विकास कोषले २०८० असार ५ गते आह्वान गरेको बोलपत्रको मूल्यांकनमा प्रतिस्पर्धा सीमित गराएको भन्ने उजुरी परेपछि अख्तियारले अनुसन्धान अघि बढाएको थियो। अनुसन्धान हुँदा पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा.मिलनकुमार थापासमेतका प्रतिवादीहरूको आपसी मिलोमतो तथा योजनामा आफूहरूलाई लाभ र पशुपति क्षेत्र विकास कोष/सार्वजनिक संस्थालाई हानि नोक्सानी पुऱ्याउने वदनियतले १० करोड ३३ लाख ९१ हजार ३० रुपैयाँ भ्रष्टाचार गरेको पाइएको अख्तियारद्वारा आइतबार जारी विज्ञप्तिमा उल्लेख छ।







# साना किसानलाई उत्थान गर्न १५ अर्बको कोष भएको कार्यक्रम सुरु

काठमाडौं, ८ असार। साना किसानहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यसहित करिब १५ अर्ब रुपैयाँ कोषको 'उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम' सुरु गरिएको छ। ललितपुरमा एक औपचारिक कार्यक्रम गरी कार्यक्रम सुरु भएको घोषणा गरिएको हो। कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका २१ जिल्लाका ८१ पालिकामा साना तथा सीमान्तकृत किसानको क्षमता वृद्धिका लागि कार्यक्रम केन्द्रित हुने कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माले जानकारी दिनुभयो। कुल १५ अर्बमध्ये अन्तर्राष्ट्रिय कृषि विकास कोषको ७० प्रतिशत सहुलियतपूर्ण ऋण सहयोग रहने छ। संघ, प्रदेश र स्थानीय सरकारको सहलगानी तथा सहपरिचालनमार्फत कार्यक्रम सञ्चालन हुने छ।

नाफामूलक, समावेशी र पर्यावरमैत्री दिगो खाद्य प्रणाली अवलम्बन गरी युवा, महिला, जनजाति र आदिवासीको सशक्तीकरण गर्दै गरिबी निवारण र साना कृषकहरूको उत्थान गर्ने यस कार्यक्रमको लक्ष्य रहेको छ। कार्यक्रमको अवधि आठ वर्षको रहेको छ। यसै कार्यक्रमअन्तर्गत साना सिँचाइ पूर्वाधार विकास गर्ने तथा बुटवल उपमहानगरपालिकामा वृहत् कृषि बजार सञ्चालन गरी सम्भावना भएका वस्तुको निर्यात गर्ने योजना छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)